नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.............................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरवार, काठमाण्डौं

<u>प्रेस विज्ञप्ति</u>

माननीय कानून मन्त्री श्री दिलेन्द्रप्रसाद बडू र नेपालका लागि स्वीस राजदूत महामहिम Ms. Elisabeth Von Capeller बीच २०७८ कात्तिक १५ गते सोमबार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालमा शिष्टाचार भेटवार्ता भयो ।

शिष्टाचार भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपाल र स्वीजरल्याडबीच प्रगाढ मित्रताको सम्बन्ध रहेको र यो सम्बन्ध सदैव रहने विश्वास व्यक्त गर्नुभयो । नेपालमा स्वीजरल्याड सरकारले लामो समयदेखि पूर्वाधार विकासका अतिरिक्त सामाजिक, आर्थिक, न्यायिक र सुशासनको क्षेत्रमा सहयोग, सहकार्य र समन्वय गर्दै आएको प्रसंग उल्लेख गर्नुभयो । भेटवार्ताका क्रममा मा. मन्त्रीज्यूले वर्तमान सरकारको न्यूनतम साझा कार्यक्रममा उल्लेख भए अनुरुप संक्रमणकालीन न्याय सम्बन्धी गर्न वाँकी कार्यहरु तदारुकताका साथ अघि बढाउने कुरा व्यक्त गर्नुभयो ।

भेटको क्रममा महामहिम राददूत Ms. Elisabeth Von Capeller ले नवनियुक्त कानून मन्त्रीज्यूलाई वधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । उहाँले नेपालको सामाजिक, आर्थिक र न्यायिक विकास एंव सुशासन प्रवर्द्धनको क्षेत्रमा सदैव सहयोग रहने तथा द्विपक्षीय सम्बन्ध प्रगाढ बनाउन सकारात्मक भूमिका रहने विश्वास व्यक्त गर्नुभयो ।

२०७८ कात्तिक १६ गते, मंगलबार

(फणीन्द्र गौतम)
सहसचिव एवं प्रवक्ता